# लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, कानून, छैठौं, अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०९।१८

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषयः **सेवा सम्बन्धी**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. दोहोरो खतराको सिद्धान्तको बारेमा नेपालको कानूनमा भएको व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा वर्णन गर्नुहोस् । ५

२. हवाई सेवा सम्झौता गर्दा विचार गर्नुपर्ने प्रमुख बुँदाहरू उल्लेख गर्नुहोस् । ५

३. नेपालको संविधानमा उल्लेखित मौलिक हकहरूको कार्यान्वयन के-कसरी गरिन्छ? उल्लेख गर्दै ती मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐनहरूको बारेमा चर्चा गर्नुहोस् । ४+६=१०

४. विलम्बले समन्यायलाई पराजित गर्छ (Delay Defeats Equity) भन्ने भनाइको विश्लेषण गर्दै विलम्बको सिद्धान्त (Doctrine of Laches) र हदम्याद (Limitation) को सिद्धान्तबीचको फरक उल्लेख गर्नुहोस् । ५+५=१०

५. नागरिक उड्डयन सुरक्षासम्बन्धी विशेष ऐनको तर्जुमा गर्नुपरेको अवस्थामा तर्जुमाकारले के-कस्ता सीमा तथा सिद्धान्तको पालना गर्नुपर्ने हुन्छ? वर्णन गर्नुहोस् । १०

६. नेपाल नगारिक उड्डयन प्राधिकरण ऐन, २०५३ मा के-कस्ता सुधार आवश्यक छ? सुझाव दिनुहोस् । १०

### खण्ड "ख" — ५० अङ्क

७. नागरिक उड्डयनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९४४ (Convention on International Civil Aviation, 1944) का दुई पक्ष राष्ट्रबीच सो महासन्धिको व्याख्याको विषयमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादको समाधान गर्ने सम्बन्धमा महासन्धिले कस्तो व्यवस्था गरेको छ? उल्लेख गर्नुहोस् । ५

८. जीरह किन गरिन्छ? यसको प्रमाणमा कस्तो महत्व रहन्छ? ५

९. विभागीय सजाँय भन्नाले के बुझ्नुहुन्छ? नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारीलाई के-कस्ता विभागीय सजाँय हुन सक्छन्? त्यस्ता सजाँय दिने अवस्था वा आधारहरू उल्लेख गर्नुहोस् । २+३+५=१०

१०. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को उद्देश्यमाथि प्रकाश पार्दै देवानी कार्यविधि कानूनका सामान्य सिद्धान्तहरूको विश्लेषण गर्नुहोस् । २+८=१०

११. नेपालमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ जारी गर्नुपर्नाको कारणहरू चर्चा गर्दै यसका मूलभूत विशेषता र यसको प्रयोगको अवस्थाबारे आफ्नो राय व्यक्त गर्नुहोस् । ३+५+२=१०

१२. मध्यस्थता भन्नाले के बुझिन्छ? मध्यस्थता र मेलमिलापबीचको भिन्नता स्पष्ट गर्नुहोस् । १०

:: **समाप्त** ::